आज मिति २०७२ कार्तिक २४ गते मंगलबार दिनको २:०० बजे कार्यकारी अधिकृत श्री उद्धबप्रसाद रिजालको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्यसंचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसि निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. कार्यकारी अधिकृत उद्धबप्रसाद रिजाल अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. आ.ई. रामगोविन्द श्रेष्ठ

३. आ.ई. दिलभक्त जयना

४. का.अ. गणेशलाल फोजू

५. जि.अ. रेभिड कुस्मा

६. क.अ. प्रभास कुमार चालिसे

७. पु.अ. भुपाल मूल

८. इ. ओमहरि था

९. शा.अ. अम्बिका धौभडेल

१०. शा.अ. रत्नमाया बाला श्रेष्ठ

११. शा.अ. दिलिपकुमार सुवाल

१२. ई. हरिबहादुर सुवाल

१३. शा.अ. दामोदर सुवाल

१४. आलेप विनोद आगन्जा

१५. प्रे.अ. काशिलाल प्रजापति

**निर्णयहरु :**

१.(क) मिति २०७२।१।१२ को विनासकारी भूकम्पका कारण संघीय मामिला तथा स्थानीय विकास मंन्त्रालयको मिति २०७२।०२।०४ को परिपत्र अनुसार यस भक्तपुर नगरपालिका क्षेत्रमा समेत घर तथा भौतिक पूर्वाधार निर्माण, नक्सा पास रोक्का राखिएकोमा मन्त्री परिषद्, आर्थिक तथा पूर्वाधार समितिको मिति २०७२।६।१३ को निर्णय अनुसार स्वीकृत भएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ मा भएका प्रावधान समेत समायोजन गरी कार्यन्वयन गर्न निर्देश भएकोमा भक्तपुर नगरपालिकामा हाल लागू भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम २०६० दोश्रो संशोधन २०६८ सहितमा समायोजन गरी लागू गर्नु पर्ने हुंदा भक्तपुर नगरपालिका क्षेत्रमा उपरोक्त विनियम २०६० मा उपरोक्त आधारभूत निर्माण मापदण्ड २०७२ का प्रावधानहरु समायोजन गरी कार्यान्वयनमा लैजान नगर परिषदबाट निर्णय गर्न सिफारिस गर्ने निर्णय गरियो ।

ख. उल्लेखित आधारभूत मापदण्ड २०७२ मा उल्लेख भएका तर भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम- २०६० मा नसमेटिएका व्यवस्था समायोजन गरी एकीकृत मापदण्ड तयार गर्न समेत लाग्ने भएकोले २०७२ मंसीर १५ भित्रमा परिमार्जित विनियम तयार गर्न देहाय बमोजिमको कार्यदल गठन गरियो :

**तपसिल**

संयोजक - ईन्जिनियर ओमहरि था

सदस्य - अध्यक्ष गौतम प्रसाद लासिवा, ने.न.क.ए.भ.न.पा.

सदस्य सचिव - कानून अधिकृत गणेशलाल फोजु

२. माथि उल्लेखित व्यहोराहरु निर्णयका लागि नगर परिषदको विशेष बैठक आगामी २०७२।७।२९ गते बोलाउने निर्णय भयो ।